**आकाशवाणी समाचार- नेपाली**
**मितिः २१ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरातको तीन दिवसीय भ्रमणमा रहनुहुनेछ। उहाँले भोलि केवडियाको एकता नगरमा ७२ औं राष्ट्रिय चलचित्र पुरस्कार समारोहको अध्यक्षता गर्नुहुनेछ।

- राष्टपति द्रौपदी मुर्मूले भन्नुभयो, हालैमा आएको कैयौं प्राकृतिक आपदाहरूबाट स्पष्ट छ कि जलवायु परिवर्तनको प्रभावलाई कम गर्नको निम्ति ठोस प्रयासको आवश्यकता छ।

- विदेश मन्त्री डा. एस. जयशंकर अमेरिकाको न्यूयर्कमा संयुक्त राष्ट महासभाको 81 औं सत्रको उच्च स्तरीय सप्ताहमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ।

- रूसमाँ युद्ध अवधि भएको पहिलो संसदीय चुनावको लागि हिज राति मतदान समाप्त भयो।

- जापानको नागोयामा जारी एशियाई खेलमा भारतले अहिलेसम्म दुई रजत पदक जितेको छ।

**<u>राष्ट्रपति गुजरात भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरातको तीन दिवसीय भ्रमणमा रहनुहुनेचा। उहाँले भोलि केवडियाको एकता नगरमा ७२ औं राष्ट्रिय चलचित्र पुरस्कार समारोहको अध्यक्षता गर्नुहुनेछ।
सुश्री मुर्मुले बुधबार बडोदरामा महाराजा सयाजीराव विश्व विद्यालयको ७५ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। उहाँले विश्व नवीकरणका लागि ब्रह्मा कुमारीहरूको आध्यात्मिक जागरण अभियानको पनि सुरुवात गर्नुहुनेछ र बडोदरामा ग्लोबल स्पिरिचुअल प्यालेस रिट्रीट सेन्टरको उद्घाटन गर्नुहुनेछ। यस अवसरमा राष्ट्रपतिले ब्रह्मा कुमारी नाडियाडको "विकसित भारतका लागि युवा: राष्ट्र निर्माणका लागि आन्तरिक शक्ति जागृत गर्दै" अभियानको पनि भर्चुअल रूपमा सुरुवात गर्नुहुनेछ।

**<u>राष्टपति पर्यावरण सम्मेलन</u>**

राष्टपति द्रौपदी मुर्मूले भन्नुभयो, हालैमा आएको कैयौं प्राकृतिक आपदाहरूबाट स्पष्ट छ कि जलवायु परिवर्तनको प्रभावलाई कम गर्नको निम्ति ठोस प्रयासको आवश्यकता छ। नया दिल्लीमा पर्यावरण अनि जलवायु गतिशीलताको भविषयमाथि आयोजित सम्मेलनको समापन सत्रलाई सम्बोधित गर्नुहुदै राष्टपतिले भन्नुभयो, वैश्विक वैज्ञानिक समुदाय जलवायु जोखिमलाई लिएर चेतावनी दिइरहेको छ। ( byte)
राष्टपति मुर्मूले पर्यावरण सम्बन्धी कानूनी मामिलाहरूमा राष्टीय हरित न्यायाधिकरणको भूमिकाको पनि सराहना गर्नुभयो। उहाले भन्नुभयो, न्यायाधिकरणले ठूलो संख्यामा मामिलाहरूको तेजीसित निप्टारा गरेको छ अनि नदी, वायु गुणवत्ता तथा मैला प्रबन्धनसित सम्बन्धित मामिलामा प्रभावी अनुपालन व्यवस्था विकसित गरेको छ।

**जयशंकर- यूएनजीए**

विदेश मन्त्री डा. एस. जयशंकर अमेरिकाको न्यूयर्कमा संयुक्त राष्ट महासभाको 81 औं सत्रको उच्च स्तरीय सप्ताहमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ। डा. जयशंकर यस महीनाको 26 तारिख महासभाको उच्च स्तरीय सत्रलाई सम्बोधित गर्नुहुनेछ। यात्राको अवधि उहा विभिन्न बहुपक्षीय अनि द्विपक्षीय बैठकमा पनि सामेल हुनेछन्।

**प्रधानमंत्री नरेंद्र मोदी- जनसेवाको 25 वर्ष**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक जीवनमा २५ वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवा मार्फत राष्ट्रको सेवा गर्ने मन्त्रका साथ उहाँको यात्रा जारी छ। सेवा र सुशासनप्रतिको यो प्रतिबद्धताका साथ, सरकार २०४७ सम्ममा विकसित भारतको लक्ष्य प्राप्त गर्न अथक प्रयासरत छ। समावेशी विकास र सामाजिक सशक्तिकरणमा जोड दिइँदैछ, जसले मानिसहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउँछ।

यस विशेष शृङ्खलामा, आज हामी भारत मण्डपम र यशोभूमि जस्ता अत्याधुनिक सम्मेलन र प्रदर्शनी केन्द्रहरूको बारेमा चर्चा गर्दैछौं। यी केन्द्रहरूले भारत र विदेशबाट प्रमुख सम्मेलनहरू, प्रदर्शनीहरू र अन्य महत्त्वपूर्ण कार्यक्रमहरू आयोजना गर्छन्। यी आधुनिक परिसरहरूले भारतको सुदृढ पूर्वाधार र बढ्दो विश्वव्यापी क्षमताहरूलाई प्रतिबिम्बित गर्दछन्।

**( BYTE)**

**नागाल्याण्ड-SIR**

नागाल्याण्डमा मतदाता सूचीको निर्वाचन आयोगको विशेष गहन संशोधन (SIR) प्रक्रियाको एक भागको रूपमा, १६ अगस्ट देखि १४ सेप्टेम्बर सम्म चलेको गणना चरणमा ८८.३८ प्रतिशत मतदाता गणना फारमहरू बुझाइएको थियो। SIR मा दर्ता भएका १३ लाख ५७ हजार २०८ मतदाताहरू मध्ये, कुल ११ लाख ९९ हजार ४५६ मतदाताहरूले आफ्नो मतदाता गणना फारमहरू बुझाएका थिए।

यस गणना प्रक्रियाले २८ हजार ९४४ जना मृतक मतदाताहरू पहिचान गरेको थियो, जबकि १ लाख २३ हजार ७४९ मतदाताहरू अनुपस्थित, स्थानान्तरण गरिएको वा अन्य वर्गहरूमा राखिएको रूपमा पहिचान गरिएको थियो। थप रूपमा, ५ हजार ०५९ मतदाताहरू एक भन्दा बढी स्थानमा दर्ता भएको पाइयो। यस प्रक्रिया पछि, मस्यौदा मतदाता सूची जारी गरिएको थियो, जसमा सेवा मतदाताहरू सहित १२ लाख ६० हजार ४५७ मतदाताहरू समावेश छन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले  भनेको छ मतदाता गणना फाराम बुझाउन नसकेका वास्तविक मतदाताहरूले सेप्टेम्बर २० देखि अक्टोबर २० सम्म चल्ने दाबी र आपत्ति अवधिमा फाराम ६ र तोकिएको घोषणापत्र प्रयोग गरेर आफ्नो नाम समावेश गर्न सक्छन्। अन्तिम मतदाता सूची नोभेम्बर २२, २०२६ मा जारी गरिनेछ। मस्यौदा सूची र ASDD सूची मुख्य निर्वाचन अधिकारी नागाल्याण्डको वेबसाइट, ceo.nagaland.gov.in मा उपलब्ध छ।

**विशेष स्टोरी - राम मंदिर**

शताब्दीयौंको पर्खाइपछि, भव्य राम मन्दिरको निर्माणले भगवान रामको गृहनगर अयोध्यामा विकासको नयाँ अध्यायको सुरुवात भएको छ। यो शहर अब धार्मिक पर्यटन र विकासको विश्वव्यापी मञ्चमा प्रमुख रूपमा उभिएको छ। केन्द्र र राज्य सरकारहरूको प्रयासबाट, अयोध्यामा विकासको नयाँ युग सुरु भएको छ, र यो शहर फेरि एक पटक सनातन धर्मको प्रमुख विश्वव्यापी केन्द्रको रूपमा स्थापित हुँदैछ।

**रूस-चुनाव**

रूसमाँ युद्ध अवधि भएको पहिलो संसदीय चुनावको लागि हिज राति मतदान समाप्त भयो। चुनावमा राष्ट्रपति भ्लादिमिर पुटिनको नीतिहरूको लगभग कुनै विरोध देखिएन र क्रेमलिनको प्रभुत्व बलियो हुने निश्चित देखियो। तीन दिवसीय चुनावको अन्तिम दिन,

युक्रेनी सेनाले रातभरी रूसमा एक हजार भन्दा बढी ड्रोनहरू प्रहार गर्यो, जसमध्ये सयौं मस्कोतर्फ निर्देशित थिए। रूसको केन्द्रीय चुनाव आयोगले मतदानको अन्त्यमा ५६.६६ प्रतिशत मतदाता मतदान भएको रिपोर्ट गरेको छ।
शुक्रबार ११ करोड १० लाख योग्य मतदाताहरूको लागि मतदान सुरु भएको थियो। यसमा युद्ध सुरु भएपछि मस्कोले अवैध रूपमा कब्जा गरेको चार युक्रेनी क्षेत्रका मानिसहरू समावेश थिए। यसमा क्रिमियाका मानिसहरू पनि समावेश थिए, जुन रूसले २०१४ मा अवैध रूपमा कब्जा गरेको आरोप छ।
कीव अधिकारीहरूले रूसी-कब्जा गरिएका क्षेत्रहरूमा मतदानलाई अवैध घोषणा गरे र विदेशी सरकारहरूलाई नतिजाहरू पहिचान नगर्न आग्रह गरे। शुक्रबार, युरोपेली संघले यो कदमलाई "अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घन" भनी बतायो। रुस र युक्रेनको रुस-कब्जा गरिएका क्षेत्रहरूमा मतदान समाप्त भए पनि, अमेरिका सहित पश्चिमका टाइम ज़ोनहरूमा रहेका दूतावास र वाणिज्य दूतावासहरूमा मतदान जारी रह्यो। यो चुनाव पछि क्रेमलिनले नियन्त्रण कायम राख्ने अपेक्षा गरिएको छ।

## एशियाई खेल

जापानको नागोयामा जारी एशियाई खेलमा भारतले अहिलेसम्म दुई रजत पदक जितेको छ। महिला १० मिटर एयर राइफल टिम इभेन्टमा एलावेनिल वलारिवन, विदार्सा विनोद र सोनम मस्करकोले रजत पदक जिते। एलावेनिल जापानकी हिनाता ताइचीलाई पछि पार्दै दोस्रो स्थानमा रहे।
सुचिका तारियालले नयाँ थपिएको मिक्स्ड मार्शल आर्ट इभेन्टमा भारतको लागि तेस्रो पदक सुरक्षित गरिन्। उनी महिला ६० किलोग्राम परम्परागत एमएमए इभेन्टको सेमिफाइनलमा पुगेकी छिन्। उनले आज सेमिफाइनलमा सिंगापुरकी तेओ हुई हुनसँग सामना गर्नेछिन्।
भारतीय महिला क्रिकेट टीमले बंगलादेशलाई ११४ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ।

## ट्रम्प- ईरान

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू इरानसँग युद्धको निर्णय गर्ने स्थितिमा रहेको बताएका छन् र चाँडै नै ठूला घटनाक्रमहरू हुन सक्ने चेतावनी दिएका छन्। यो वक्तव्य यस्तो समयमा आएको छ जब इरानले मध्यस्थकर्ताहरू मार्फत अमेरिकासँग हर्मुज जलडमरू मध्य पुन: खोल्नका लागि आफ्ना सर्तहरू साझा गरेको बताएको छ।
ट्रम्पको यो टिप्पणी इरानी राष्ट्रपति मसूद पेजेशकियानको संयुक्त राष्ट्र संघको महासभामा भाग लिन न्यूयोर्कको अपेक्षित भ्रमण अगाडि आएको हो। उहाँसँगै उच्चस्तरीय प्रतिनिधिमण्डल आउने अपेक्षा गरिएको छ।
ट्रम्पले एक टिभी च्यानल संग कुराकानी क्गार्नुहुदै यदि इरानी शासनले आफ्नो मनोवृत्ति परिवर्तन गरेन भने, निकट भविष्यमा ठूला घटनाक्रमहरू हुन सकने बताउनुभएको छ।